# बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१

**प्रस्तावना:** नेपाल बीमा प्राधिकरणबाट निर्दिष्ट बैदेशिक रोजगार म्यादी जीवन बीमा व्यवसायलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन सामूहिक बीमा कोष स्थापना गरी सामूहिक पुल मार्फत बैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्न र दाबी भुक्तानी गर्न आवश्यक भएकोले,

बीमा ऐन, २०७९ को दफा ६५ र दफा १६६ को अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन, २०८१ जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशनको नाम "बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक कोष (पुल) स्थापना तथा संचालन सम्बन्धी निर्देशन २०८१" रहेको छ।

(२) यो निर्देशन मिति २०८१/०४/०१ बाट जारी भएका बैदेशिक रोजगार म्यादी जीवन बीमालेखहरुमा लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "कोष प्रबन्धक" भन्नाले सामूहिक बीमा कोषको व्यवस्थापन गर्ने पुनर्बीमा कम्पनी सम्झनु पर्छ।

(ख) "प्राधिकरण" भन्नाले बीमा ऐन, २०७९ को दफा ३ बमोजिम गठन भएको नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ग) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम जीवन व्यवसाय गर्न प्राधिकरणबाट इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी वा लघु जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(घ) "बीमित" भन्नाले बैदेशिक रोजगार म्यादी जीवन बीमा गराउने व्यक्ति सम्झनु पर्छ।

(ङ) "सदस्य बीमक" भन्नाले बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक कोषमा हिस्सेदार भएको बीमक सम्झनु पर्छ।

(च) "सामूहिक बीमा कोष" भन्नाले दफा ३ बमोजिम स्थापित बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक कोष सम्झनु पर्छ।

परिच्छेद-२

## सामूहिक बीमा कोष संचालन सम्बन्धी व्यवस्था

३. **सामूहिक बीमा कोषको स्थापना** : (१) बैदेशिक रोजगार म्यादी जीवन बीमा बापत प्राप्त हुने बीमाशुल्क र दावी व्यवस्थापन गर्न बीमकहरूद्वारा सामूहिक बीमा कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा जम्मा हुने रकम यसै निर्देशन बमोजिम सञ्चालन, बाँडफाँड र व्यवस्थापन गरिनेछ।

४. **बीमालेख जारी गर्ने सदस्य बीमक:** (१) सदस्य बीमकले मात्र बैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि सामूहिक बीमा कोषमा सदस्य हुने बीमक बैदेशिक रोजगार विभागमा सूचीकृत भएको हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचीकृत भएको सदस्य बीमक अर्को महिना देखि सामूहिक बीमा कोषमा समावेश हुनेछ।

(४) उपदफा (१) बमोजिम सदस्य बीमकले बीमालेख जारी गर्दा प्राप्त बीमा शुल्क दफा ६ को खण्ड (ख) बमोजिमको खातामा रियल टाइममा जम्मा गर्नु पर्नेछ।

५. **कोष प्रबन्धक :** प्राधिकरणबाट ईजाजतपत्रप्राप्त पुनर्बीमकहरूले संयुक्त रूपमा कोष प्रबन्धकको रुपमा कार्य गर्नेछन्।

६. **कोष प्रबन्धकको काम, कर्तव्य र अधिकार:** कोष प्रबन्धकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बीमाशुल्क बापत प्राप्त रकम जम्मा गर्न सामूहिक बीमा कोषको छुट्टै बैंक खाता संचालन गर्ने,

(ख) बीमाशुल्क दैनिक रूपमा प्राप्त भए नभएको यकिन गर्ने,

(ग) दफा ३ बमोजिम कोषको सञ्चालन, बाँडफाँड र व्यवस्थापन गर्ने,

(घ) सदस्य बीमकबाट प्राप्त भएको बीमाशुल्कबाट आवश्यक समायोजन (व्याज आम्दानी,दाबी भुक्तानी) गरी मासिक रुपमा अनुसूची-१ बमोजिम बाँडफाँड गर्ने,

(ङ) बीमाशुल्क आम्दानी, व्याज आम्दानी, दाबी भुक्तानी लगायतको हिसाब किताब पारदर्शी राख्ने,

(च) बैदेशिक रोजगार म्यादी जीवन बीमा सम्बन्धी मासिक आय व्यय विवरण सदस्य बीमकहरुलाई पठाउने,

(छ) बैदेशिक रोजगार म्यादी जीवन बीमा सामूहिक बीमा कोषको हिसाब किताब छुट्टै कायम गर्ने,

(ज) बीमाङ्कीय मूल्यांकन गर्ने तथा लेखा परीक्षण गराउने।

७. **सदस्य बीमकको कर्तव्य :** सदस्य बीमकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सदस्य बीमकले बैदेशिक रोजगार म्यादी जीवन बीमालेखबाट सिर्जित दाबी भुक्तानी गर्नु पर्ने,

(ख) सदस्य बीमकले आफूले जारी गरेको बैदेशिक रोजगार म्यादी जीवन बीमालेखको विवरण (बीमालेख संख्या र बीमाशुल्क, भुक्तानी तथा भुक्तानी हुन बाँकी दाबी रकम र संख्या) दैनिक रुपमा कोष प्रबन्धक समक्ष पेश गर्नु पर्ने,

(ग) बीमकले आफूले भुक्तानी गरेको दावी बापतको रकम प्रत्येक महिनाको सात गते भित्र कोष प्रवन्धक समक्ष पेश गर्नु पर्ने ।

८. **व्यवस्थापन खर्च प्राप्त गर्नेः** (१) बैदेशिक रोजगार म्यादी जीवन बीमालेख जारी गर्ने सदस्य बीमकले बीमालेख जारी गर्ने देखि दावी भुक्तानी सम्मको कामको लागि व्यवस्थापन खर्च स्वरुप बीमा शुल्कको एक प्रतिशत हुने रकम पाउनेछ ।

(४) कोष प्रवन्धकले बीमाङ्कीय मूल्याङकनको लागि लागेको वास्तविक खर्च सदस्य बीमकहरुमा बीमाशुल्क वाँडफाँडको आधारमा मिलान गर्नेछ ।

(५) कोष प्रवन्धकले सामूहिक बीमा कोषको पुनर्बीमाको प्रवन्ध गर्नेछ ।

९. **कोषको सदस्यता खारेज हुनेः** (१) बैदेशिक रोजगार विभागमा सूचीकृत भई लगातार तीन महिनासम्म बीमालेख जारी नगर्ने बीमकको कोषको सदस्यता स्वतः खारेज हुनेछ ।

(२) उपदफा (१) बमोजिम सदस्यता खारेज भएको र विभागमा सूचीकृत नभएको बीमकले यस निर्देशन बमोजिम सामूहिक कोषमा सहभागी हुन तथा बीमालेख बिक्रि गर्न पाउने छैन ।

अनुसुची १

निर्देशनको दफा ८ (२) संग सम्बन्धित

बैदेशिक रोजगार म्यादी जीवन बीमा व्यवसाय बाँडफाँड अनुपात:

| FE Allocation => | | Fixed | 4.60% | | | 5.70% | | | 6.67% | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| SN | Life Companies | 2Yrs Avg % Market share | Beginning of FY 1 (081/04/01) | | | Beginning of FY 2 (082/04/01) | | | Beginning of FY 3 (083/04/01) | | |
| | | | Fix | Allocation | Total | Fix | Allocation | Total | Fix | Allocation | Total |
| 1 | Rastriya Beema | 0.00% | 4.60% | 0.00% | 4.60% | 5.70% | 0.00% | 5.70% | 6.66% | 0.00% | 6.66% |
| 2 | National Life | 6.57% | 4.60% | 2.04% | 6.64% | 5.70% | 0.95% | 6.65% | 6.66% | 0.01% | 6.67% |
| 3 | Nepal Life | 17.27% | 4.60% | 5.35% | 9.95% | 5.70% | 2.50% | 8.20% | 6.66% | 0.01% | 6.67% |
| 4 | LIC Nepal | 0.00% | | | | | | | | | |
| 5 | MetLife | 0.00% | | | | | | | | | |
| 6 | Asian Life | 5.07% | 4.60% | 1.57% | 6.17% | 5.70% | 0.74% | 6.44% | 6.66% | 0.01% | 6.67% |
| 7 | IME Life | 12.44% | 4.60% | 3.86% | 8.46% | 5.70% | 1.80% | 7.50% | 6.66% | 0.01% | 6.67% |
| 8 | Sun Nepal | 30.32% | 4.60% | 9.40% | 14.00% | 5.70% | 4.40% | 10.10% | 6.66% | 0.01% | 6.67% |
| 9 | Reliable Nepal | 5.81% | 4.60% | 1.80% | 6.40% | 5.70% | 0.84% | 6.54% | 6.66% | 0.01% | 6.67% |
| 10 | Citizen | 4.70% | 4.60% | 1.46% | 6.06% | 5.70% | 0.68% | 6.38% | 6.66% | 0.01% | 6.67% |
| 11 | SuryaJyoti | 10.09% | 4.60% | 3.13% | 7.73% | 5.70% | 1.46% | 7.16% | 6.66% | 0.01% | 6.67% |
| 12 | Sanima Reliance | 7.24% | 4.60% | 2.24% | 6.84% | 5.70% | 1.05% | 6.75% | 6.66% | 0.01% | 6.67% |
| 13 | Himalayan | 0.00% | 4.60% | 0.00% | 4.60% | 5.70% | 0.00% | 5.70% | 6.66% | 0.00% | 6.66% |
| 14 | Prabhu Mahalaxmi | 0.48% | 4.60% | 0.15% | 4.75% | 5.70% | 0.07% | 5.77% | 6.66% | 0.01% | 6.67% |
| 15 | Guardian Micro | 0.00% | 4.60% | 0.00% | 4.60% | 5.70% | 0.00% | 5.70% | 6.66% | 0.00% | 6.66% |
| 16 | Crest Micro | 0.00% | 4.60% | 0.00% | 4.60% | 5.70% | 0.00% | 5.70% | 6.66% | 0.00% | 6.66% |
| 17 | Liberty Micro | 0.00% | 4.60% | 0.00% | 4.60% | 5.70% | 0.00% | 5.70% | 6.66% | 0.00% | 6.66% |
| **Total** | | **100.00%** | **69.00%** | **31.00%** | **100.00%** | **85.50%** | **14.50%** | **100.00%** | **99.90%** | **0.10%** | **100.00%** |

1. Fixed % of allocation will be 4.6 % for 1st Year & 5.7% for 2nd Year to all members. Afterward equal sharing to all members.
2. Based on new enrollment or removal of membership above allocation Percentage will change accordingly.
3. Pool Manager will update & circulate the allocation of percentage on monthly basis if any changes due to membership changes.
4. Remaining % after fixed allocation will be distributed to the members based on last two year's FE business market share.
5. Fractional unallocated % in equaling year is distributed among FE Policy issuing members to make 100%.